राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गँगदी देउखुरी दाङ
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ उत्खनन्, सङ्कलनको विधुतीय बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१।११।२७ गते)

राजपुर गाउँपालिका अन्तरगत देहाय बमोजिमका खोला तथा नदीहरुबाट तोकिए बमोजिमको दरमा नदिजन्य पदार्थ संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ठेक्का आव्हान गरिएको छ । मूल्य अभिवृद्धि करमा दर्ता भई कर चुक्ता प्रमाणपत्र लिएका इच्छुक फर्मले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि को नियम ७ (२) बमोजिम यो सूचना प्रकाशित भएको मितिले बोलपत्रको लागि १५ दिन भित्र यस कार्यालयबाट तोकिए बमोजिमको बोलपत्र दस्तुर राजपुर गाउँ कार्यपालिकाको कार्यालय दाङको नाममा NIC ASIA बैंक लिमिटेड जँग्रहवा शाखामा रहेको ग.१.१ आन्तरिक राजस्व खाता नम्बर २२१२०५००२८९५९००२ मा दाखिला गरि (फिर्ता नहुने) www.bolpatra.gov.np/egp बाट बोलपत्रको लागि १६ औं दिनको १२ बजे भित्र रीत पूर्वकको विद्युतीय बोलपत्र पेश गर्न सूचित गरिन्छ । पेश गरिएका उक्त बोलपत्र सोहि दिनको १:०० बजे राजपुर गाउँपालिकाको कार्यालय, राजपुर दाङमा खोलिनेछ । बोलपत्र पेश गर्दा आफुले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कुल कबोल रकमको ५% ले हुने बोलपत्र जमानत नेपाल सरकारबाट स्वीकृती प्राप्त बाणिज्य बैङ्कबाट राजपुर गाउँ कार्यपालिकाको कार्यालय राजपुर दाङको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैङ्क ग्यारेन्टी (बिडबण्ड) वा यस कार्यालयको NIC ASIA बैङ्क जँग्रहवा शाखास्थित ग.३.१ स्थानीय धरौटी खाता नम्बर ५१CA०५१०००४५२४०१ मा नगद दाखिला गरेको बैङ्क भौचर पेश गर्नु पर्नेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र माथि कुनै कारवाही गरिने छैन । ठेक्का स्वीकृत तथा रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

### तपसिल

| ठेक्का नं | खोला नदी | क्षेत्र | उत्खनन् परिमाण (घ.मि) | इष्टिमेट रकम रु. (मू.अ.क. बाहेक) | बोलपत्र दस्तुर | बिड सेकुरिटि रकम रु. |
|---|---|---|---|---|---|---|
| 01/RRM/DANG/RBM-2081/82 | राप्तीनदी | असानी घाट | ६५६२.५ | १८५४२३४.३८ | ३०००।०० | कबोल रकमको ५% |
| 02/RRM/DANG/RBM-2081/82 | राप्तीनदी | खरदरिया घाट १ | ५६७० | १६०२०५८.५० | ३०००।०० | कबोल रकमको ५% |
| 03/RRM/DANG/RBM-2081/82 | राप्तीनदी | खरदरिया घाट २ | १२२५ | ३४६१२३.७५ | ३०००।०० | कबोल रकमको ५% |
| 04/RRM/DANG/RBM-2081/82 | राप्तीनदी | मटेरिया घाट | ११०२५ | ३११५११३.७५ | ३०००।०० | कबोल रकमको ५% |
| 05/RRM/DANG/RBM-2081/82 | गुरुङखोला | चन्दनपुर घाट | २९२५ | ८२६४५८.७५ | ३०००।०० | कबोल रकमको ५% |
| 06/RRM/DANG/RBM-2081/82 | राप्तीनदी | गहिरा घाट | ३६७५ | १०३८३७१.२५ | ३०००।०० | कबोल रकमको ५% |
| 07/RRM/DANG/RBM-2081/82 | गुरुङखोला | कोठिया घाट | ११२६.२५ | ३१८२२१.९४ | ३०००।०० | कबोल रकमको ५% |
| 08/RRM/DANG/RBM-2081/82 | मुंग्रेठा खोला | मुंग्रेठा घाट | २६२५ | ७४१६९३.७५ | ३०००।०० | कबोल रकमको ५% |
| 09/RRM/DANG/RBM-2081/82 | माररीखोला | माररी घाट | ३३६० | ९४९३६८ | ३०००।०० | कबोल रकमको ५% |
| 10/RRM/DANG/RBM-2081/82 | झुर्रा खोला | झुर्रा घाट | १७०६.२५ | ४८२१००.९४ | ३०००।०० | कबोल रकमको ५% |

नोटः ढुंगा, गिट्टी वालुवा आन्तरिक ठेक्कामा प्रस्तावित न्यूनतम् करको दर प्रति घ.मि रु. २८२।५५.

प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत